सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३),सूचनाको हक सम्बन्धी नियमावलीको नियम ३ अनुसार
प्रेषित सूचनाहरुको विवरण (२०७६ माघ देखि २०७६ चैत्र सम्म)

# बन अनुसन्धान तथा प्रशिक्षण केन्द्र











**१.निकायको स्वरुप र प्रकृति**

यस केन्द्र वन तथा बातावरण मन्त्रालयको मातहतमा रहेको **बन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका** रुपमा परिचित छ । यस केन्द्रमा प्रमुख रुपमा महानिर्देशक नेतृत्वमा र प्रशासकीय प्रमुखको रुपमा शाखा अधिकृत, ४ वटा महाशाखाहरु र सो अन्तर्गत अन्य शाखाहरु रहेका छन् । प्रत्येक महाशाखाको प्रमुखको रुपमा सह-सचिव (प्रा) रहने व्यवस्था छ । यस केन्द्रमा जम्मा ७३ जना कर्मचारीको दरवन्दी रहेको छ ।

**२. निकायको काम, कर्तव्य र अधिकार**

केन्द्र प्रमुखको कार्यक्षेत्रमा वन अनुसन्धानको माध्यमबाट दिगो वन विकास सम्बन्धी उपयुक्त प्रविधि विकास गरी सरोकारवाला निकायहरुलाई सहयोग पुऱ्याउने र वनस्रोतको सर्वेक्षण, नक्सांकन गरी तथ्याङ्कहरु प्रकाशन गर्ने कार्य गर्दछ ।यस विभागका कार्यहरु निम्न छन ।

- बन क्षेत्रको बैज्ञानिक अध्ययन अनुसन्धान तथा सर्वेक्षण गर्ने ।
- राष्ट्रिय स्तरको बनश्रोत सर्वेक्षण तथा डाटा बेस तयार गर्ने ।
- वन क्षेत्रको नक्शाङ्क अधावधिक गर्ने।
- वनस्रोतका मापन, नक्सांकन गर्ने ।
- प्रयोगशाला संचालन ।
- वनक्षेत्रमा कार्यरत जनशक्तिको समयानुकुल क्षमता योग्यता अभिबृद्धिको लागि तालिम संचालन गर्ने।
- अन्तरास्ट्रिय दायित्व अन्तर्गत विभिन्न तथ्यांक तयार गरी डाटा उपलब्ध गराउने ।
- अनुसन्धानमूलक नतिजाहरु र वन प्रविधिको प्रचार प्रसार गर्ने ।

**३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण**

केन्द्रमा हाल कुल दरबन्दी ७३ रहेकोमा त्यसमध्ये प्राविधिक दरबन्दी संख्या ४४ र प्रशासनिक २९ रहेको छ त्यसमध्ये २२ जना सहयोगी स्तरका श्रेणीविहीन कर्मचारीहरको दरबन्दी कायम रहेको छ । प्राविधिक तर्फ रा. प. प्रथम ५ जना, रा. प. द्वितीय ११ जना र रा. प. तृतीय २५ जना गरी ४१ र प्रशासनतर्फ रा. प. तृतीय २ जना समेत गरी जम्मा ४३ राजपत्राङ्कित पदहरु छन् । यसैगरी राजपत्र अनंकिततर्फ ३ प्राविधिक र ५ प्रशासनिक गरी ८ पदहरु छन् भने २२ पद श्रेणिविहिनतर्फ रहेका छन । सेवा समूह अनुसार केन्द्रमा उपलब्ध मानव स्रोतको आंकलन ५ मा स्पष्ट गरिएको छ ।

**पदःमहानिर्देशक (रा.प.प्र.प्रा.)**
सेवाः वन, समुहः फरेष्ट रिसर्च

<u>कार्य विवरण</u>

वन, वनस्पति, जैविक विविधता तथा वातावरण क्षेत्रको अध्ययन, अनुसन्धान र सर्वेक्षण गर्ने विषय तथा क्षेत्र निर्धारण र प्राथमिकीकरण सम्बन्धी ।विभाग तथा महाशाखा, शाखाहरुको वार्षिक कार्यक्रमहरुको तर्जुमा, संचालन, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी ।वन, वनस्पति, जैविक विविधता तथा वातावरण क्षेत्रको अध्ययन, अनुसन्धान र सर्वेक्षणको आधारमा वन तथा वातावरण मन्त्रालय र सरोकारवाला निकायहरुलाई राय, सुझाव, प्रतिक्रिया दिने सम्बन्धी ।वन, वनस्पति, जैविक विविधता तथा वातावरणक्षेत्रको अध्ययन, अनुसन्धान तथा सर्वेक्षण कार्यमा सम्बन्धित सरकारी तथा गैर सरकारी, निजी, शैक्षिक, योजना, आयोजना आदि निकायहरुसंग समन्वय गर्ने सम्बन्धी ।वन तथा वनस्पतिजन्य पैदावारहरुको उत्पादकत्व बढाउने प्रविधिको विकास र विस्तार सम्बन्धी वन तथा वनस्पतिजन्य पैदावारहरुको उत्पादकत्व बढाउने प्रविधिको विकास र विस्तार सम्बन्धी वन, वनस्पति, वन्यजन्तु र भू तथा जलाधार जस्ता प्राकृतिक स्रोतहरुको संरक्षण, व्यवस्थापन र उपयोगको निम्ति उपयुक्त प्रविधिको विकास र विस्तार गर्ने सम्बन्धी ।वन, पर्यावरण तथा जलवायु परिवर्तन लगायतका वातावरणीय समस्याहरुको न्यूनीकरण तथा अनुकुलनका सम्भाव्य उपायहरुको बारेमा अध्ययन अनुसन्धान सम्बन्धी ।

राष्ट्रिय, प्रादेशिक तथा स्थानियस्तरमा वन तथा वनजन्य पैदावारहरुको नक्सांकन, मापन, सर्वेक्षण र अनुगमन गर्ने सम्बन्धी ।कार्यक्षेत्रसंग सम्बन्धित विषयहरुमा हुने राष्ट्रिय र अन्तराष्ट्रियस्तरमा हुने तालिम, गोष्ठी, सभा, सम्मेलन, अध्ययन, संझौता आदि कार्यक्रमहरुमा भाग लिने र प्रतिनिधित्व गर्ने सम्बन्धी ।अध्ययन अनुसन्धान तथा सर्वेक्षणबाट प्राप्त नतिजा एवं तथ्यांकहरुलाई लक्षित वर्गसम्म सूचना प्रवाह गर्ने ।वन र त्यससंग सम्वन्धित तथ्यांक अध्यावधिक गर्ने गराउने सम्बन्धी ।केन्द्रिय वन पुस्तकालयको संचालन र अद्यावधिक सम्बन्धी ।

**पद : उप-महानिर्देशक** (रा.प.प्र.प्रा.)
महाशाखा : बन प्रबिधी बिकास महाशाखा
सेवाः वन, समूहः फरेष्ट रिसर्च

कार्य विवरण
यस पदका पदाधिकारीले महानिर्देशकको सामान्य निर्देशनमा रही वन अनुसन्धान सम्वन्धी कार्य गर्ने  गराउने जिम्मेवारी वहन गर्ने । वन अनुसन्धान कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वियन गर्ने गराउने । वन अनुसन्धान कार्यलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक पूर्वाधार तयार गरी राय सुझाव प्रस्तुत गर्ने । बन प्रबिधी बिकास महशखाका शाखाहरु वीच समन्वय गर्ने गराउने । मातहत कर्मचारीहरुको कार्य संपादन मूल्यांकन गरी पुनरावलोकनको लागि महानिर्देशकमा पेश गर्ने ।मातहत कर्मचारीहरुलाई अध्ययन, तालिम, गोष्ठी आदिमा भाग लिन मनोनयनको लागि सिफारिस गर्ने र पुरस्कार तथा दण्ड सजाय गर्ने राय सहित महानिर्देशकमा पेश गर्ने ।महानिर्देशकको सामान्य निर्देशनमा रही वन अनुसन्धानसंग सम्वन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुमा आवश्यक संपर्क कायम गरी वन अनुसन्धान कार्य प्रभावकारी रुपले संचालन गर्ने गराउने । यस वाहेक समय समयमा उप-महानिर्देशकको हैसियतले गर्नुपर्ने विभिन्न निर्दिष्ट कार्यहरु संपन्न गर्ने गराउने ।

**पद : उप-महानिर्देशक** (रा.प.प्र.प्रा.)
महाशाखा : नितिअनुगमन तथा योजना महाशाखा
सेवाः वन, समूहः फरेष्ट रिसर्च

कार्य विवरण
यस पदका पदाधिकारीले महानिर्देशकको सामान्य निर्देशनमा रही वन अनुसन्धान सम्वन्धी कार्य गर्ने  गराउने जिम्मेवारी वहन गर्ने । वन अनुसन्धान कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वियन गर्ने गराउने । वन अनुसन्धान कार्यलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक पूर्वाधार तयार गरी राय सुझाव प्रस्तुत गर्ने । नितिअनुगमन तथा योजना महाशाखाका शाखाहरु तथा अन्य शाखा महाशाखाहरु बिच समन्वय गर्ने गराउने। मातहत कर्मचारीहरुको कार्य संपादन मूल्यांकन गरी पुनरावलोकनको लागि महानिर्देशकमा पेश गर्ने । मातहत कर्मचारीहरुलाई अध्ययन, तालिम, गोष्ठी आदिमा भाग लिन मनोनयनको लागि सिफारिस गर्ने र पुरस्कार तथा दण्ड सजाय गर्ने राय सहित महानिर्देशकमा पेश गर्ने । महानिर्देशकको सामान्य निर्देशनमा रही वन अनुसन्धानसंग सम्वन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुमा आवश्यक संपर्क कायम गरी वन अनुसन्धान कार्य प्रभावकारी रुपले संचालन गर्ने गराउने । यस वाहेक समय समयमा उप-महानिर्देशकको हैसियतले गर्नुपर्ने विभिन्न निर्दिष्ट कार्यहरु संपन्न गर्ने गराउने ।

**पदः उप-महानिर्देशक** (रा.प.प्र.प्रा.)
महाशाखाः वन सर्वेक्षण तथा कार्बननुगमन महाशाखा
सेवाः वन, समूहः फरेष्ट रिसर्च

कार्य विवरण
यस पदका पदाधिकारीले महानिर्देशकको सामान्य निर्देशनमा रही वन सर्वेक्षण सम्वन्धी कार्य गर्ने  गराउने जिम्मेवारी वहन गर्ने । वन सर्भेक्षण कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वियन गर्ने गराउने । वन सर्वेक्षण कार्यलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक पूर्वाधार तयार गरी राय सुझाव प्रस्तुत गर्ने । वन सर्वेक्षण महाशाखाका शाखाहरु विच समन्वय गर्ने गराउने ।मातहत कर्मचारीहरुको कार्य संपादन मूल्यांकन गरी पुनरावलोकनको लागि महानिर्देशकमा पेश गर्ने ।मातहत कर्मचारीहरुलाई अध्ययन, तालिम, गोष्ठी आदिमा भाग लिन मनोनयनको लागि सिफारिस गर्ने र पुरस्कार तथा दण्ड सजाय गर्ने राय सहित महानिर्देशकमा पेश गर्ने । महानिर्देशकहरुको सामान्य निर्देशनमा रही वन सर्वेक्षणसंग सम्वन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुमा आवश्यक संपर्क कायम गरी वन सर्वेक्षण कार्य प्रभावकारी रुपले संचालन गर्ने गराउने । यस वाहेक समय समयमा उप-महानिर्देशकको हैसियतले गर्नुपर्ने विभिन्न निर्दिष्ट कार्यहरु संपन्न गर्ने गराउने ।

**पद : उप-महानिर्देशक (रा.प.प्र.प्रा.)**
महाशाखा : बन प्रशिक्षण तथा प्रसार महाशाखा
सेवाः वन, समूहः फरेष्ट रिसर्च

कार्य विवरण
यस पदका पदाधिकारीले महानिर्देशकको सामान्य निर्देशनमा रही तालीम को पाठ्यक्रम तयार गर्ने,तालीम दिने व्यबस्थापन गर्ने,वन अनुसन्धान सम्वन्धी कार्य गर्ने गराउने जिम्मेवारी वहन गर्ने । तालीम तथा वन अनुसन्धान कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वयन गर्ने गराउने । वन अनुसन्धान तथ तालीम दिने कार्यलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक पूर्वाधार तयार गरी राय सुझाव प्रस्तुत गर्ने । बन प्रशिक्षण तथा प्रसार महाशाखा,शाखाहरु तथा अन्य शाखा महाशाखाहरु समन्वय गर्ने गराउने । मातहत कर्मचारीहरुको कार्य संपादन मूल्यांकन गरी पुनरावलोकनको लागि महानिर्देशकमा पेश गर्ने ।मातहत कर्मचारीहरुलाई अध्ययन, तालिम, गोष्ठी आदिमा भाग लिन मनोनयनको लागि सिफारिस गर्ने र पुरस्कार तथा दण्ड सजाय गर्ने राय सहित महानिर्देशकमा पेश गर्ने। महानिर्देशकको सामान्य निर्देशनमा रही वन अनुसन्धानसंग सम्वन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुमा आवश्यक संपर्क कायम गरी वन अनुसन्धान कार्य प्रभावकारी रुपले संचालन गर्ने गराउने । यस वाहेक समय समयमा उप-महानिर्देशकको हैसियतले गर्नुपर्ने विभिन्न निर्दिष्ट कार्यहरु संपन्न गर्ने गराउने ।

**पदः अनुसंधान अधिकृत (रा.प.द्वि.प्रा.)**
महाशाखा : वन अनुसन्धान
सेवाः वन, समूहः फरेष्ट रिसर्च

कार्य विवरण
यस पदका पदाधिकारीले वन अनुसन्धान तर्फमा उप-महानिर्देशकको निर्देशनमा रही प्राकृतिक वन, कृषि वन, वृक्षसुधार, आर्थिक सामाजिक, वृक्षारोपण मध्ये कुनै एक शाखाको शाखा प्रमुख भई कार्यहरु गर्ने गराउने । मातहत कर्मचारीको कामको सुपरिवेक्षण र आवश्यक निर्देशन तथा समन्वय गर्ने गराउने । तोकिएको शाखाको अनुसन्धान सम्वन्धी कार्यक्रम तर्जुमा मा सहयोग गर्नुको साथै स्वीकृत कार्यक्रम संचालनको जिम्मेवारी वहन गर्ने । कार्य संचालनमा आई परेका समस्या र व्यवधान पहिचान गरी समाधानको लागि उप-महानिर्देशक समक्ष पेश गर्ने । संचालित अनुसन्धान कार्यको प्रगति विवरण उपलव्ध गराउने ।मातहत कर्मचारीहरुको विदा सिफारिस गर्ने तथा दण्ड पुरस्कार सम्वन्धमा राय दिने । उल्लेखित कार्यहरुको अलावा महानिर्देशक तथा उप-महानिर्देशकवाट निर्देशित अन्य कार्यहरु संपादन गर्ने ।

**पद : सर्वेक्षण अधिकृत/ दूरसंवेदन अधिकृत/मान चित्रण अधिकृत/वायोमेट्रीसियन/हवाई चित्रण अधिकृत (रा.प.द्वि.प्रा)**
महाशाखा : वन सर्वेक्षण/दूर संवेदन तथा योजना
सेवाः वन, समूहः फरेष्ट रिसर्च

कार्य विवरण
यस पदका पदाधिकारीले वन सर्वेक्षण तर्फमा उप-महानिर्देशकको निर्देशनमा रही आफ्नो पद सम्वन्धी कार्यक्रम जस्तै वन सर्वेक्षण, मान चित्रण, हवाई चित्रण दूरसंवेदन कार्यक्रमको मध्ये हुनै एक तोकिएको वन सर्वेक्षण सम्वन्धी कार्यक्रम स्वीकृत कार्यक्र संचालनको जिम्मेवारी वहन गर्ने । मातहत कर्मचारीको कामको सुपरीवेक्षण र आवश्यक निर्देशन तथा समन्वय गर्ने गराउने । तोकिएको शाखाको अनुसन्धान सम्वन्धी कार्यक्रम तर्जुमा मा सहयोग गर्नुको साथै स्वीकृत कार्यक्रम संचालनको जिम्मेवारी वहन गर्ने । कार्य संचालनमा आई परेका समस्या र व्यवधान पहिचान गरी समाधानको लागि उप-महानिर्देशक समक्ष पेश गर्ने । संचालित अनुसन्धान कार्यको प्रगति विवरण उपलव्ध गराउने मातहत कर्मचारीहरुको विदा सिफारिस गर्ने तथा दण्ड पुरस्कार सम्वन्धमा राय दिने । उल्लेखित कार्यहरुको अलावा महानिर्देशक तथा उप-महानिर्देशकवाट निर्देशित अन्य कार्यहरु संपादन गर्ने ।

**पद : तालिम अधिकृत (रा.प.द्वि.प्रा)**
सेवाः वन, समूहः जनरल फरेस्टरी
यस पदका पदाधिकारीले वन अनुसन्धान तर्फमा उप-महानिर्देशकको समान्य निर्देशनमा रही तालीम को पाठ्यक्रम तयार गर्ने,तालीम दिने व्यबस्थापन गर्ने,वन अनुसन्धान सम्वन्धी कार्य गर्ने। शाखा प्रमुखको निर्देशनमा रही शाखाको अनुसन्धान कार्य आफु र मातहतका कर्मचारीहरुवाट संपादन गर्ने । कार्य संचालनमा आई परेका समस्या र व्यवधान पहिचान गरी समाधानको लागि उप-महानिर्देशक समक्ष पेश गर्ने । संचालित तालीम कार्यको प्रगति विवरण उपलव्ध गराउने ।मातहत

कर्मचारीहरुको विदा सिफारिस गर्ने तथा दण्ड पुरस्कार सम्वन्धमा राय दिने । उल्लेखित कार्यहरुको अलावा महानिर्देशक तथा उप-महानिर्देशकवाट निर्देशित अन्य कार्यहरु संपादन गर्ने ।

**पद : सहायक तालिम अधिकृत (रा.प.द्वि.प्रा)**
सेवाः वन, समूहः जनरल फरेस्टरी ⁄ नेपावाला ⁄ स्वा.क ⁄ वोटानी

कार्य विवरण
यस पदका पदाधिकारीले वन अनुसन्धान तर्फमा उप-महानिर्देशकको समान्य निर्देशनमा रही तालीम को पाठ्यक्रम तयार गर्ने,तालीम दिने व्यबस्थापन गर्ने,वन अनुसन्धान सम्वन्धी कार्य गर्ने। शाखा प्रमुखको निर्देशनमा रही शाखाको अनुसन्धान कार्य आफु र मातहतका कर्मचारीहरुवाट संपादन गर्ने । कार्य संचालनमा आई परेका समस्या र व्यवधान पहिचान गरी समाधानको लागि उप-महानिर्देशक समक्ष पेश गर्ने । संचालित तालीम कार्यको प्रगति विवरण उपलब्ध गराउने ।मातहत कर्मचारीहरुको विदा सिफारिस गर्ने तथा दण्ड पुरस्कार सम्वन्धमा राय दिने । उल्लेखित कार्यहरुको अलावा महानिर्देशक तथा उप-महानिर्देशकवाट निर्देशित अन्य कार्यहरु संपादन गर्ने ।

**पदःसहायक योजना अधिकृत (रा.प.तृ.प्रा.)**
सेवाः वन, समूहः फरेष्ट रिसर्च

कार्य विवरण
यस पदका पदाधिकारीले महानिर्देशक तथा उप-महानिर्देशकको निर्देशन र नियन्त्रणमा रही विभाग अन्तरगत विभिन्न योजना आयोजनाहरुको अध्ययन र विश्लेषण गरी योजना ⁄ कार्यक्रम तयार गर्ने ।वार्षिक र आवधिक योजनाहरुमा समावेश गर्न आफ्नो राय सहित पेश गर्ने जिम्मेवारी वहन गर्नु पर्ने छ। विभाग अन्तर्गतका आयोजनाहरुलाई आवश्यक पर्ने वार्षिक वजेट तथा कार्यक्रम तयार गरी महानिर्देशक तथा उपमहानिर्देशक समक्ष पेश गर्ने। विभागको लागि आवश्यक जनशक्ति र प्राप्त तालीम संवन्धित विवरण आवधिक राख्ने। यस वाहेक यस पदलाई समय समयमा निर्दिष्ट गरिने अन्य काम कारवाहीहरु गर्ने, गराउने ।

**पद : सहायक अनुसन्धान अधिकृत (रा.प.तृ.प्रा)**
महाशाखा : वन अनुसन्धान
सेवाः वन, समूहः फरेष्ट रिसर्च

यस पदका पदाधिकारीले वन प्रशिक्षण तथा प्रसार महाशाखा तर्फमा उप-महानिर्देशकको समान्य निर्देशनमा रही प्राकृतिक वन अनुसन्धान, कृषि वन वृक्षसुधार अनुसन्धान, आर्थिक सामाजिक ⁄ सूचना, बृक्षारोपण अनुसन्धान संवन्धी कुनै शाखामा रही अनुसन्धान कार्य गर्नु पर्ने छ । शाखा प्रमुखको निर्देशनमा रही शाखाको अनुसन्धान कार्य आफु र मातहतका कर्मचारीहरुवाट संपादन गर्ने । कार्य संचालनमा आई परेका समस्या र व्यवधान पहिचान गरी समाधानको लागि उप-महानिर्देशक समक्ष पेश गर्ने । संचालित अनुसन्धान कार्यको प्रगति विवरण उपलब्ध गराउने ।मातहत कर्मचारीहरुको विदा सिफारिस गर्ने तथा दण्ड पुरस्कार सम्वन्धमा राय दिने । उल्लेखित कार्यहरुको अलावा महानिर्देशक तथा उप-महानिर्देशकवाट निर्देशित अन्य कार्यहरु संपादन गर्ने

**शाखा अधिकृत (रा.प.तृ.प्रा.)**
सेवा समूह : प्रशासन

कार्य विवरण
यस पदका पदाधिकारीले महानिर्देशक तथा उप-महानिर्देशकको निर्देशन र नियन्त्रणमा रही कर्मचारी प्रशासन सम्वन्धी सम्पूर्ण कार्यको जिम्मेवारी वहन गर्नु पर्ने छ ।विभाग अन्तरगत कार्यालयका कर्मचारीहरुको नियुक्ति, सरुवा, वढुवा सम्वन्धी कार्यहरु निर्णयानुसार गर्नु गराउनु पर्ने छ। कर्मचारीहरुको अभिलेख तयार गरिराख्ने व्यवस्था मिलाउनु पर्ने छ कर्मचारीहरुको हाजिर, विदा आदिको अभिलेख तयार गरी राख्नु पर्ने छ। अधिनस्थ कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन तयार गरी दण्ड पुरस्कार जस्ता विभागीय कारवाहीको लागि उप-महानिर्देशक समक्ष पेश गर्नु पर्ने छ । यस वाहेक यस पदलाई निर्दिष्ट गरिने अन्य काम कारवाहीहरु गर्ने ।

**पदः लेखा अधिकृत(रा.प.तृ.)**
सेवा समूह : प्रशासन, लेखा

कार्य विवरण
यस पदका पदाधिकारीहरुले महानिर्देशक⁄उपमहानिर्देशकको निर्देशन र नियन्त्रणमा रही लेखा तथा लेखा परिक्षण सम्वन्धी सम्पूर्ण कार्यको जिम्मेवारी वहन गर्नु पर्ने छ। निर्दिष्ट समयमा आवश्यक वजेट तयार गरी स्विकृतिको लागि सम्वन्धित निकायमा पठाउने। स्विकृत वजेट अनुसार आर्थिक नियमको परिधि भित्र रही चौमासिक माग गर्ने, आवश्यक कार्यमा खर्च गर्ने। समय समयमा तोकिएको निकायद्वारा लेखा परीक्षण गराउने।लेखा परिक्षणवाट देखिएका वेरुजुहरु यथाशीध्र फछ्यौंट गर्न आवश्यक कार्यहरु गर्ने। यस वाहेक यस पदलाई निर्दिष्ट गरिएका अन्य काम कारवाहीहरु गर्ने।

**पद: माटो रसायन अधिकृत (रा.प.द्वि.प्रा.),**
सेवा समूह : इन्जीनियरीङ, केमिष्ट

कार्य विवरण
यस पदका पदाधिकारीले महानिर्देशक र उप-महा-निर्देशकको सामान्य निर्देशन र नियन्त्रणमा वन अनुसन्धान कार्यक्रमको संचालन गर्ने क्रममा माटो सर्वेक्षण तथा विश्लेषण शाखाको शाखा प्रमुखको हैसियतले संपूर्ण जिम्मेवारी वहन गर्नु पर्ने छ। .आफ्नो शाखाको कार्यक्रम तयार गरी पेश गर्ने र स्वीकृत कार्यक्रम संचालन गर्ने। अन्तरगत कर्मचारीलाई निर्देशन र कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गराउने। माटो सर्वेक्षण संवन्धी फिल्ड कार्य र माटोको नमूनाहरु स्वीकृत कार्यक्रम भित्र रही विश्लेषण गरी नतिजा उपलव्ध गराउने र शाखाको प्रगति विवरण पेश गर्ने। शाखाहरुको समन्वयमा कार्यक्रमहरुको आवश्यकता र उपयोगिता हेरी माटो शाखाद्वारा गर्नु पर्ने सम्पूर्ण कार्य संपादन गर्ने। कार्य संचालनमा आइपरेका समस्या र व्यवधान पहिचान गरी समाधानको लागि उपमहानिर्देशकमा पेश गर्ने।अन्तरगत कर्मचारीको का.स.मु. सुपरीवेक्षण र विदा, पुरस्कार, दण्ड जस्ता कुराको सिफारिस गर्ने। समय समयमा महानिर्देशक र उपमहानिर्देशकवाट निर्दिष्ट कार्यहरु संपन्न गर्ने।

**पदः सहायक बैज्ञानिक अधिकृत (रा.प.तृ.)**
सेवा समूह : वन, वोटानी

कार्य विवरण
यस पदका पदाधिकारीले केन्द्रका सूचना तथा प्रचार प्रसार शाखामा रही महा-निर्देशक⁄उप-महानिर्देशक अनुसन्धान तथा सर्वेक्षण सम्वन्धी नतिजाहरुको प्रकाशन गर्न सम्पादन गरी वितरण र प्रचार प्रसार गर्ने। शाखा अन्तर्गतको दीर्घकालीन तथा अल्पकालीन कार्यक्रमहरु तयार गरी पेश गर्ने र स्विकृत भए वमोजिम शाखाको सम्पूर्ण जिम्मेवारी लिई कार्यक्रमहरुको कार्यान्वयन गर्ने गराउने।सूचना प्रकाशन र प्रचार प्रसार गर्न विभागको जनसम्पर्क अधिकृतको हैसियतले शाखा प्रमुखहरुको समन्वयमा कार्य संपादन गर्ने। मातहतका कर्मचारीहरुलाई कार्यक्रम संचालनमा निर्देशन गर्ने।केन्द्रवाट संचालन हुने गोष्ठी, तालिम आदि काममा समन्वय र संचालन गर्ने। समय समयमा निर्दिष्ट अन्य कार्यहरु संपादन गर्ने।

**पदःपुस्तकालय अधिकृत**
सेवा समूह : शिक्षा, पुस्तकालय विज्ञान

कार्य विवरण
यस पदका पदाधिकारीले महानिर्देशकको निर्देशनमा रही केन्द्रीय वन पुस्तकालयको व्यवस्थापन सम्वन्धी सम्पूर्ण जिम्मेवारी पूरा गर्नु पर्ने छ। पुस्तकालयलाई व्यवस्थित र आधुनिकीकरण गर्ने गराउने। पुस्तकालय सुविधा सम्वन्धी प्रणाली विकास गर्ने। पुस्तकहरुको विवरण अद्यावधिक र सुलभ गराउने। पुस्तकालयसम्वन्धी नर्म्स लागु गर्ने गराउने। मातहत कर्मचारीहरुलाई निर्देशन का.स.मु. सुपरीवेक्षण गर्ने। मातहत कर्मचारीलाई विदा, पुरस्कार दण्ड जस्ता कुराको सिफारीस गर्ने। अन्य निर्दिष्ट कार्यहरु गर्ने।

**पद: सहायक दूरसंवेदन अधिकृत (रा.प.तृ.प्रा.)**
सेवा समूह : १ इन्जीनियरीङ, मेटियोरोलोजी, २ कृषि - एग्रोनोमी⁄स्वायल साइन्स

कार्य विवरण
यस पदका पदाधिकारीले वन महाशाखाको कार्यक्रम वमोजिम उप-महानिर्देशक तथा शाखा प्रमुखको निर्देशनमा रही दूर संवेदन शाखाद्वारा गर्नु पर्ने कार्य संपादन गर्नु पर्ने छ। कार्यक्रम तयार गरी पेश गर्ने र स्विकृत कार्यक्रम मातहत र आफु संलग्न भई गर्ने गराउने। दूरसंवेदन प्रविधिवाट स्थान र बालीको उपयूक्तता पहिचान गर्ने। कृषिको लागि वातावरणीय

अध्ययन गर्ने । डाटा संकलन विश्लेषण र जानकारी प्रकाशन गर्ने ।आफुले गरिएका कामको जानकारी कार्यक्रम मार्फत सम्वन्धीत निकायमा पुऱ्याउने ।कार्यक्रम कार्यान्वयमा परेका समस्या पहिचान र समाधानको लागि सुझाव दिने । अन्य निर्दिष्ट कार्य गर्ने ।

**पदः कम्प्यूटर अपरेटर(रा.प.अ.प्र.प्रा.)**
सेवा समूह : विविध

<u>कार्य विवरण</u>
यस पदका पदाधिकारीले निर्माणको महाशाखाहरुवाट गरिनु पर्ने कामको कम्प्यूटर संचालन र टाइप सम्वन्धी कार्य संपादन गर्नु पर्ने छ। कम्प्यूटर प्रविधि विकास र संचालनमा सहयोग र समन्वय गर्ने डाटा इन्ट्री र विश्लेषण संवन्धी कार्यमा सहयोग पुऱ्याउने ।अन्य निर्दिष्ट कार्यहरु संपादन गर्ने ।

**पदः ना.सु. (रा.प.अ. प्र.)**

सेवा समूह : प्रशासन, (सामान्य प्रशासन)

<u>कार्य विवरण</u>
शाखा प्रमुखको निर्देशनमा रही कर्मचारी प्रशासन संवन्धी कार्यहरु संपादन गर्ने जिम्मेवारी यस पदका पदाधिकारीको हुने छ । व्यक्तिगत फायल, हाजिरी रेकर्ड, विदा तथा अन्य प्रशासन संवन्धी अभिलेख दुरुस्त र अद्यावधिक रुपमा व्यवस्थित गर्ने ।विभागको विभिन्न विवरण/पत्र फायल व्यवस्थित र सुरक्षितसाथ राख्ने व्यवस्था गर्ने । अन्य प्रशासनिक कार्यहरु गर्ने । समय समयमा निर्दिष्ट स्टोर संवन्धी अन्य कार्यहरु गर्ने ।

**पद लेखापाल (रा.प.अ.प्र)**
सेवा समूह : प्रशासन, लेखा

<u>कार्य विवरण</u>
लेखा अधिकृतको निर्देशन र नियन्त्रणमा रही लेखाशाखाद्वारा संपादन गर्नु पर्ने कार्य यस पदका पदाधिकारीले गर्नु पर्ने छ । लेखा संवन्धी कार्य प्रचलित नियम आदेश वमोजिम संपादन गर्ने । लेखा संवन्धी फांटवारी तथा अन्य विवरणहरु अद्यावधिक र दुरुस्त राख्ने । नगद तथा चेक व्यवस्थापन संवन्धी कार्य गर्ने । लेखा परीक्षण कार्य गराउने । वेरुजु फछ्र्यौट संवन्धी कार्य गर्ने । लेखा संवन्धी अन्य आइपर्ने संपूर्ण कार्यहरु गर्ने समय समयमा निर्दिष्ट कार्यहरु गर्ने ।

**४.निकायबाट प्रदान गरीने सेवा, सेवा प्राप्त गर्ने लाग्ने शुल्क र सेवा प्रदान गर्ने शाखा**

| प्रदान गरीने सेवा | प्राप्त गर्दा पुऱ्याउने प्रक्रिया | सम्पर्क गनुपर्ने शाखा | सेवा प्राप्त गर्दा लाग्ने दस्तुर | कार्य सम्पन्न गर्दा लाग्ने समय | जिम्मेवारी अधिकारी |
|---|---|---|---|---|---|
| पुस्तकालय सेवा | सम्पर्क | पुस्तकालय | निःशुल्क | सोही दिन | प्रेमराज अधिकारी |
| प्रकाशन सामाग्री | सम्पर्क/निवेदन | सूचना शाखा | निःशुल्क | सोही दिन | किरण कुमार पोखरेल |
| वन सम्वर्द्धन | सम्पर्क/निवेदन | वन सम्वर्द्धन शाखा | निःशुल्क | १ हप्ता | सुनिता उलक |
| कृषि वन प्रविधि सम्बन्धी जानकारी | सम्पर्क/निवेदन | शहरी तथा कृषि वन शाखा | निःशुल्क | १ हप्ता | सावित्रि अर्याल |
| माटो सम्बन्धी चेक जाच | निवेदन | माटो शाखा | सशुल्क | ३ हप्ता | सरोजकुमार चौधरी |
| दूरसंवेदन प्रविधि सम्बन्धी जानकारी | सम्पर्क/निवेदन | दुरसंवेदन शाखा | निःशुल्क | १ हप्ता | बिमल कुमार आचार्य |
| वन स्रोत नक्सा सम्बन्धी जानकारी सेवा | सम्पर्क/निवेदन | वन स्रोत नक्सा शाखा | निःशुल्क | १ हप्ता | बिमल कुमार आचार्य |

| | | | | | |
|---|---|---|---|---|---|
| हवाईचित्र सम्बन्धी सेवा | निवेदन | | सशुल्क | १ हप्ता | दिपेश कुमारशर्मा |
| बन श्रोत सर्बेक्षण सम्बन्धी डाटा | निवेदन | वन सर्वेक्षण तथा कार्वन मापन शाखा | निःशुल्क | १ हप्ता | बिमल कुमार आचार्य |
| बन सदुपयोग सम्बन्धी जानकारी | सम्पर्क/निवेदन | वनपैदावार सदुपयोगशाखा | निःशुल्क | १ हप्ता | श्री मन्जु घिमिरे |
| बायोमेट्री सम्बन्धी जानकारी | सम्पर्क/निवेदन | बायेमेट्री शाखा | निःशुल्क | १ हप्ता | ठाकुर सुवेदी |

**५.सेवा समूह अनुसार उपलब्ध मानव स्रोतको आंकलन**

| सि.नं. | पदको नाम | श्रेणी | सेवा | समुह | पदपुर्तिको अवस्था | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | दरबन्दी | पूर्ति | रिक्त |
| 1 | महानिर्देशक | रा.प.प्र. | वन | फरेष्ट रिसर्च | 1 | 1 | |
| 2 | उप-महानिर्देशक | | | | 3 | 3 | |
| 3 | केन्द्र प्रमुख | रा.प.प्र. | वन | ज फ | 1 | 1 | |
| 4 | अनुसन्धानअधिकृत/सर्वेक्षण अधिकृत/ दुरसंवेदन अधिकृत/हवाईचित्रण अधिकृत/मानचित्रण अधिकृत | रा.प.द्वि. | वन | फरेष्ट रिसर्च | 7 | 6 | 1 |
| | तालिम अधिकृत | | वन | ज फ | 3 | 1 | 2 |
| 11 | माटो रसायन अधिकृत | | इन्जि | केमिष्ट्री | 1 | 1 | |
| 12 | स. अनुसन्धान अधिकृत/स. योजना अधिकृत/बायोमेट्रिसियन अधिकृत/वनसदुपयोग अधिकृत/स.सर्वेक्षणअधिकृत/स.दूरसंवेदन अधिकृत/स. मानचित्रण अधिकृत/स.हवाईचित्रण अधिकृत | रा.प.तृ | वन | फरेष्ट रिसर्च | 14 | 14 | |
| 20 | स.तालिम अधिकृत | | | नेपावाला | 1 | 1 | |
| | स.तालिम अधिकृत | | वन | स्वायलक | 1 | 1 | |
| | स.तालिम अधिकृत,/स.बैज्ञानीक | | वन | बोटानी | 2 | 2 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | स.तालिम अधिकृत | | वन | ज फ | 2 | 1 | 1 |
| 21 | शाखा अधिकृत | | प्रशासन | सामान्य प्रशासन | 1 | 1 | |
| 22 | लेखा अधिकृत | | | लेखा | 1 | | 1 |
| 23 | स.माटो रसायन अधिकृत | | | केमिष्ट्री | 1 | 1 | |
| | सि. ड्राफ्टम्यान | | | सर्वे | 1 | 1 | |
| 28 | स.मा.चि. अधिकृत | | विविध | विविध | 1 | 1 | |
| 29 | स.दूरसंवेदन अधिकृत | | कृषि | एग्रोनोमी | 1 | | **1** |
| | पुस्तकालय अधिकृत | | | | 1 | 1 | |
| 32 | ना.सु. | रा.प.अनं.प्र. | प्रशासन | सामान्य प्रशासन | 4 | 3 | 1 |
| 34 | लेखापाल | | प्रशासन | लेखापाल | 1 | 1 | |
| 37 | पुस्तकालय सहायक | | शिक्षा | पुस्तकालय विज्ञान | 1 | 1 | |
| | कम्प्युटर अपरेटर | | विविध | 1 | | | कम्प्युटर अपरेटर |
| | ल्याव असिस्टेन्ट | रा.प.अनं.द्वितीय | ईन्जि | केमिष्ट्री | 1 | 1 | |
| 41 | ल्याव सहायक | श्रेणी बिहिन | | | 4 | | 4 करार सेवामा रहेका |
| 43 | ड्राईभर | श्रेणी बिहिन | प्रशासन | सामान्य प्रशासन | 5 | 2 | 3 सुबिधा लिएको |
| 45 | कार्यालय सहयोगी | श्रेणी बिहिन | प्रशासन | सामान्य प्रशासन | 13 | 6 | 7 करार सेवामा रहेका |
| | **जम्मा** | | | | **73** | **51** | **22** |

**६.निर्णय गर्ने प्रकिया र अधिकारी**

सम्बन्धित शाखाबाट टिप्पणी उठाई सम्बन्धित महाशाखावाट सिफारीस गरी महानिर्देशकज्यूबाट स्विकृत गराउने ।प्रत्येक कामसंग सम्वन्धी सम्पूर्ण कागजात तथा विवरणहरु, सम्वन्धित शाखाका शाखा प्रमुखले तोकेको कर्मचारीको जिम्मामा रहनेछ र निजले ती अभिलेखहरु आफू कुनै कारणबाट शाखामा नरहने भए पन्जिका वनाई अनिवार्य रुपमा बुझाउनु पर्नेछ । हरेक शाखाबाट उठान भएका निर्णय फाइल तथा तत्सम्वन्धी कागजातहरुको सूचि पंजिका वनाउने र व्यवस्थित गरी राख्ने जिम्मा तोकिएको फाँटवाला सहायक कर्मचारीको हुनेछ ।निर्णय गर्ने तहबाट फाइल उपमहानिर्देशक हुदै सम्वन्धित शाखामा पठाईन्छ । निर्णयको फाइल वा कागजात प्राप्त भएपछि  शाखा प्रमुखले त्यसको जानकारी सरोकारवालालाई दिनुपर्नेछ ।  फाइल जिम्मा लिने कर्मचारी विदामा वसेमा वा अनुपस्थित रहेमा कसले जिम्मा लिने भन्ने कुरा शाखाको प्रमुखले लिखित रुपमा तोकिदिनुपर्नेछ । फाइल वा कागजातको जिम्मेवारी पाएको/लिएको कर्मचारी अन्यत्र सरुवा भै जानुपर्ने भएमा सरुवा भै आउने कर्मचारीलाई वा तोकिएको अन्य कर्मचारीलाई वरवुझारथ गर्नु पर्नेछ ।

**७.निर्णय उपर उजुर सुन्ने अधिकारी**

सेवाग्राहीले उल्लेखित सेवा प्राप्त गर्न नसकेमा वा कुनै सुझाव भएमा महानिर्देशक वा उपमहानिर्देशक समक्ष लिखित वा मौखिक उजुरी गर्न सक्नेछ । अथवा विभागको उजुरी पेटिकामा लिखित उजुरी हाल्न सक्नेछ ।

**८. प्रमुखको नाम र पद**

मेघनाथ काफ्ले, महानिर्देशक

**९.सूचना अधिकारीनाम र पद**

किरणकुमार पोखरेल रा.प.तृ (प्रा)

**१०.ऐन, नियम, विनियम वा निर्देशिकाको सूची,**

यस विभागले वन नीति २०७१ तथा अन्तरीम त्रिवर्षीय योजनाहरुमा उल्लेखित नेपाल सरकारका वन अनुसन्धान एवं सर्वेक्षण सम्बन्धी नीति कार्यान्वयन गर्दछ । यस विभागसंग प्रत्यक्षरुपमा सम्बन्धी ऐन, नियम तथा निर्देशिका हाल सम्म तयार नभएको तर यस विभागको कार्याविधि २०६१ अनुसार अध्ययन अनुसन्धानको कार्य सञ्चालन भएको छ ।

**११ सम्पादित प्रमुखका कामहरु यस प्रकार छन् ।**

**स्थलगत अनुसन्धान इकाईहरु र अनुसन्धान प्लटहरुको संरक्षण तथा व्यवस्थापन**

- वनको प्रकार र पारिस्थितिकीय प्रणालीको नक्साङ्कनका लागि प्रस्तावना तयार भएको
- अनुसन्धान तथा वैज्ञानिक अन्वेषण प्रयोगशालाका लागि आवश्यक उपकरणहरु खरिद भएको
- पुराना २११३८ वटा हवाईचित्रहरुको digitization कार्य सम्पन्न भएको
- थप १ स्थानमा (पोखरामा) मोसोबाँस  अध्ययन अनुसन्धान प्लट स्थापना भएको
- १००० प्रति वनको जानकारी Peer review Journal प्रकाशन भई वितरण भएको
- पुस्तकालय र प्रयोगशालाहरुको स्तरउन्नोती भएको
- तालिम हलको स्तरन्नोती गरिएको
- नेपाल वन सेवाका रा.प. तृतीय श्रेणीका अधिकृतहरुका लागि विकासका लागि संरक्षण तालिम सम्पन्न भएको
- तालिम आवश्यकता पहिचान र सम्पन्न तालिमको फ्लोअप गरिएको ।
- मध्य पहाडी, उच्च पहाडी र उच्च हिमाली क्षेत्रको वनस्रोत सर्वेक्षणका लागि स्थायी नमुना प्लटहरुको मापन/पुनः मापन कार्यका लागि मध्य पहाडमा 260  र उच्च पहाडमा 151 प्लट गरी 411 प्लटहरुको मापन र पुनमापन

सम्पन्न भएको तर कोविद-१९ ले गर्दा सरकारद्वारा लाकड़ाउन घोषणा पश्चात चैत्र महिनाको दोश्रो हफ्ताबाट फिल्डकार्य स्थगित भएको ।

- राष्ट्रिय वनस्रोत खपत सर्वेक्षण कार्यका लागि तथ्याङ्क संकलन र विश्लेषण कार्य जारी रहेको र Mid-term report प्राप्त भएको तर कोविद-१९ ले गर्दा सरकारद्वारा लाकड़ाउन घोषणा पश्चात चैत्र महिनाको दोश्रो हफ्ताबाट फिल्डकार्य स्थगित भएको ।

- बहुउपयोगी बन विकासको लागि बन उपयोग रणनीति तयारी कार्यका लागि नक्साङ्कन रणनीतिको मस्यौदा तयार भएको र नक्साङ्कनका लागि स्थलगत प्रमाणिकरणको कार्य भईरहेको तर कोविद-१९ ले गर्दा सरकारद्वारा लाकड़ाउन घोषणा पश्चात चैत्र महिनाको दोश्रो हफ्ताबाट फिल्डकार्य स्थगित भएको ।
- सामूदायिक वन, साझेदारी वन तथा व्लक फरेष्टको बैज्ञानिक वन व्यवस्थापनको प्राविधिक परीक्षण कार्यका लागि प्राविधिक परीक्षण टोली गठन भई तथ्याङ्क संकलनकको कार्य भईरहेको तर कोविद-१९ ले गर्दा सरकारद्वारा लाकड़ाउन घोषणा पश्चात चैत्र महिनाको दोश्रो हफ्ताबाट कार्य स्थगित भएको ।
- वनक्षेत्रले अन्य आर्थिक उपक्षेत्रहरुमा पुर्याएको योगदान आंकलन कार्यका लागि तथ्याङ्क संकलन र विश्लेषण कार्य जारी रहेको र Mid-term report प्राप्त भएको तर कोविद-१९ ले गर्दा सरकारद्वारा लाकड़ाउन घोषणा पश्चात चैत्र महिनाको दोश्रो हफ्ताबाट कार्यप्रगति अगाडी बढनसकेको ।

**१२. बन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको website: www.frtc.gov.np**

**१३.आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण**

| बजेट उपशिर्षक | (२०७६ श्रावण-२०७६ चैत्र मसान्त सम्म) विभिन्न उपशिर्षक खर्चको विवरण | कैफियत |
|---|---|---|
| बन अनुसन्धान तथा सर्वेक्षण आयोजना (३२९०४०११३/१४ | ५१८,०९०००/-चालु+२२,३६,०००/- पूजीगत | |
| बन अनुसन्धान तथा सर्वेक्षण आयोजना (३२९०४१०१३/१४ | ३२९०४१०१३/१४ चालु+१६,८३,०००/- पूजीगत | |
| केन्द्रिय वन तथा प्रशिक्षण केन्द्र ३२९०६०११३/१४ | ४७०६००० चालु +३६०००/-पूजीगत | |
| राजस्व आम्दानी | २६७९९०.९१/- | |
| संचित विदा (अर्थ बजेट) | २१०१११५.५३/- | |
| औषधि उपचार (अर्थ बजेट) | २५६३०४६.६२/- | |
| उपदान | ४५६३७६.२९/- | |

**१४. अन्य विवरण**

-

**१५. अधिल्लो आ.व.मा बन अनुसन्धान तथा प्रशिक्षण केन्द्र बाट सञ्चालित कार्यक्रमको विवरण**

- प्राकृतिक वन व्यवस्थापन अनुसन्धान
- नर्सरी तथा वृक्षारोपण अनुसन्धानवृक्षसुधार अनुसन्धान
- सूचना तथा प्रकाशन
- वनस्रोत सर्वेक्षण
- संरक्षण तथा व्यवस्थापन (बुटवल, तरहरा, हेटौंडा, सुर्खेत, झन्झटपुर, काभ्रे, बाँके, ललितपुरस्थित स्थलगत अनुसन्धान इकाइहरु र अनुसन्धान प्लटहरुको संरक्षण तथा व्यवस्थापन गर्न)

**१६. बन अनुसन्धान तथा प्रशिक्षण केन्द्र ले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान, एवम् प्राविधिक सहयोग, सम्भौता सम्बन्धी विवरण**यस अवधिमा कुनै पनि सम्झौता/अनुदान प्राप्त नभएको

- वनको जानकारीको Website (**www.bankojanakari.gov.np**) मार्फत Online Article Publication को कार्य भईरहेको ।
- वन अनुसन्धान तथा सर्वेक्षण विभागबाट सञ्चालित केन्द्रिय वन पुस्तकालयबाट Online लाईब्रेरी सेवा सञ्चालन भईरहेको ।

- वनको प्रकार र पारिस्थितिकीय प्रणालीको नक्साङ्कनका लागि प्रस्तावना तयार भएको।
- अनुसन्धान तथा वैज्ञानिक अन्वेषण प्रयोगशालाका लागि आवश्यक उपकरणहरु खरिद भएको।
- पुराना २११३८ वटा हवाईचित्रहरुको digitization कार्य सम्पन्न भएको ।
- थप १ स्थानमा (पोखरामा) मोसोबाँस अध्ययन अनुसन्धान प्लट स्थापना भएको।
- १००० प्रति वनको जानकारी Peer review Journal प्रकाशन भई वितरण भएको।
- पुस्तकालय र प्रयोगशालाहरुको स्तरउन्नोती भएको ।
- तालिम हलको स्तरन्नोती गरिएको ।
- नेपाल वन सेवाका रा.प. तृतीय श्रेणीका अधिकृतहरुका लागि विकासका लागि संरक्षण तालिम सम्पन्न भएको ।
- तालिम आवश्यकता पहिचान र सम्पन्न तालिमको फ्लोअप गरिएको ।
- मध्य पहाडी, उच्च पहाडी र उच्च हिमाली क्षेत्रको वनस्रोत सर्वेक्षणका लागि स्थायी नमुना प्लटहरुको मापन/पुनः मापन कार्यका लागि मध्य पहाडमा 260 र उच्च पहाडमा 151 प्लट गरी 411 प्लटहरुको मापन र पुनमापन सम्पन्न भएको तर कोविद-१९ ले गर्दा सरकारद्वारा लाकड़ाउन घोषणा पश्चात चैत्र महिनाको दोश्रो हफ्ताबाट फिल्डकार्य स्थगित भएको ।
- राष्ट्रिय वनस्रोत खपत सर्वेक्षण कार्यका लागि तथ्याङ्क संकलन र विश्लेषण कार्य जारी रहेको र Mid-term report प्राप्त भएको तर कोविद-१९ ले गर्दा सरकारद्वारा लाकड़ाउन घोषणा पश्चात चैत्र महिनाको दोश्रो हफ्ताबाट फिल्डकार्य स्थगित भएको ।
- बहुउपयोगी बन विकासको लागि बन उपयोग रणनीति तयारी कार्यका लागि नक्साङ्कन रणनीतिको मस्यौदा तयार भएको र नक्साङ्कनका लागि स्थलगत प्रमाणिकरणको कार्य भईरहेको तर कोविद-१९ ले गर्दा सरकारद्वारा लाकड़ाउन घोषणा पश्चात चैत्र महिनाको दोश्रो हफ्ताबाट फिल्डकार्य स्थगित भएको ।

- सामूदायिक वन, साझेदारी वन तथा ब्लक फरेष्टको बैज्ञानिक वन व्यवस्थापनको प्राविधिक परीक्षण कार्यका लागि प्राविधिक परीक्षण टोली गठन भई तथ्याङ्क संकलनकको कार्य भईरहेको तर कोविद-१९ ले गर्दा सरकारद्वारा लाकड़ाउन घोषणा पश्चात चैत्र महिनाको दोश्रो हफ्ताबाट कार्य स्थगित भएको ।
- वनक्षेत्रले अन्य आर्थिक उपक्षेत्रहरुमा पुर्याएको योगदान आंकलन कार्यका लागि तथ्याङ्क संकलन र विश्लेषण कार्य जारी रहेको र Mid-term report प्राप्त भएको तर कोविद-१९ ले गर्दा सरकारद्वारा लाकड़ाउन घोषणा पश्चात चैत्र महिनाको दोश्रो हफ्ताबाट कार्यप्रगति अगाडी बढनसकेको ।

**१८. सूचनाको वर्गिकरण (विभागस्तरीय)**

बन अनुसन्धान तथा प्रशिक्षण केन्द्र अन्तर्गत सिर्जना भएका र हुने अवस्थामा रहेका विभिन्न किसिमका सूचना/तथ्याङ्कहरुको बर्गिकरण निम्नबमोजिम गरिएको छ :

**प्रारम्भिक सूचना/तथ्याङ्क (Primary Data/ Information)**

बन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको बार्षिक स्विकृत कार्यक्रममा समावेश भई संकलन गरिएका वा विभाग अन्तर्गत संचालित योजना/आयोजना आदिबाट विभागलाई हस्तान्तरण भई दायित्व सिर्जना भएका वा विभाग संलग्न द्विपक्षीय, बहुपक्षीय आयोजना/परियोजनाहरुबाट हस्तान्तरण भई उपलब्ध हुन आएका वा अन्य निकायबाट खरिद गरी प्राप्त भएका निम्न उल्लेखित सूचना/तथ्याङ्कहरुलाई यस वर्गमा समावेश गरिएको छ ।

- वन सर्वेक्षण कार्यक्रम अन्तर्गत फिल्डमा Sample Plot वा त्यस्तै प्रकृयाबाट Tally Sheet वा त्यस्तै रुपमा संकलन गरी ल्याइएका सूचना/तथ्याङ्कहरु ।
- नर्सरी, बृक्षारोपणक्षेत्र, बृक्षसुधार, कृषिवन, प्राकृतिक वन व्यवस्थापन, माटो आदिको अनुसन्धान प्लट तथा सामाजिक आर्थिक र वातावरणीय पक्ष सम्बन्धित प्रश्नावली र अन्तर्कृया कार्यक्रमबाट सोझै संकलन गरी ल्याइएका र विश्लेषण हुन बाँकी अवस्थाका सूचना/तथ्याङ्कहरु ।
- अनुसन्धान इकाई/प्लटमा प्रत्यक्ष नापजाँच र नक्साङ्कन गरी संकलन गरिएका सूचना/तथ्याङ्कहरु ।
- अन्य निकायहरुबाट खरिद गरी वा अनुदानमा प्राप्त भएका तर विश्लेषण हुन बाँकि अवस्थाका दुर संवेदन चित्रहरु जस्तै हवाई चित्र (Aerial Photo),सेटेलाईट चित्र (Satellite Image)आदि ।
- वन अनुसन्धान तथा सर्वेक्षणको क्रममा प्रत्यक्ष फिल्डबाट संकलन गरिएका तर विश्लेषण हुन बाँकी अवस्थामा रहेका अन्य प्रारम्भिक सूचना/तथ्याङ्कहरु ।

### प्रशोधित सूचना/तथ्याङ्क (Processed/ Analyzed data/information)

- बन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको दायित्व सिर्जना भएका वा दायित्वमा रहेका माथि उल्लेखित प्रारम्भिक सूचना/तथ्याङ्कहरुलाई विभिन्न गणीतीय, तथ्याङ्कीय, वित्तीय, सामाजिक, आर्थिक, वातावरणीय आदि दृष्टिकोणबाट विश्लेषण गरी सिर्जना भएका तर विभागबाट आधिकारिक रुपमा प्रकाशन हुन बाँकी रहेको अवस्थाका नतिजामुलक सूचना/तथ्याङ्कहरुलाई यस वर्गमा समावेश गरिएको छ।
- परामर्शदाता निकायहरुबाट अध्ययन अनुसन्धान गराई प्राप्त हुन आएका मस्यौदा प्रतिवेदन र त्यसमा उल्लेखित सूचना/तथ्याङ्कहरुलाई पनि यसै वर्गमा राखिएको छ। विभाग संलग्न भएका साथै विभाग अन्तर्गतका योजना, आयोजना आदि निकायबाट हस्तान्तरण भई प्राप्त भएका प्रशोधित तथ्याङ्कहरुपनि यसभित्र पर्दछन।
- बन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको बार्षिक स्विकृत कार्यक्रम अनुसार संकलन गरिएका प्रारम्भिक तथ्याङ्कहरुको विश्लेषण पश्चात कार्य सम्पन्न भएको जानकारी सहित जिम्मेवार शाखा, पदाधिकारीबाट विभागमा पेश हुने प्रतिवेदन, विभिन्न अध्ययन अनुसन्धान, अवलोकन, मुल्याङ्कन सम्बन्धी कार्यदल/कार्यटोली/समिति आदि गठन भई स्थलगत कामको आधारमा प्राप्त हुने प्रतिवेदन आदि लाई पनि यसै वर्गमा राखिएको छ।
- हवाई चित्र, दूरसंवेदन चित्र, लिडार चित्र आदिको आधारमा Geographical Information System,Image Analysis Programआदिको उपयोग गरेर वन तथा भू-उपयोग क्षेत्रको विश्लेषण गरी तयार गरिएका विषयगत तथा वगिकृत (Thematic and Classified)नक्सा तथा तथ्याङ्कहरुको नतिजालाई पनि प्रशोधित सूचना/तथ्याङ्कहरुको समूहमा समावेश गरिएको छ।

### प्रकाशित सूचना/तथ्याङ्कहरु(Published Data/Information)

- विभागद्धारा संकलित वा प्राप्त हुन आएका विभागको दायित्वमा रहने प्रारम्भिक सूचना/तथ्याङ्कहरुको विश्लेषण पश्चात सिर्जित नतीजामूलक प्रशोधित तथ्याङ्कहरुलाई सार्वजनिक जानकारी तथा उपयोगको लागि निर्णय गरी प्रकाशनमा ल्याइने सूचना/तथ्याङ्कहरुयस वर्गमा विभाजित गरिएको छ।
- प्रकाशित तथ्याङ्कहरुलाई दुई वर्गमा विभाजित गरिएको छ। पहिलो वर्गमा विद्युतीय माध्यमबाट प्रकाशित पुस्तक, पुस्तिका, जर्नल आदि रहेका छन भने दोस्रो वर्गमा Hard Copy मा प्रकाशित पुस्तक, पुस्तिका, जर्नल आदि पर्दछन। निर्णय गरी प्रकाशन गरिएका वन क्षेत्र सम्बन्धित GIS/ Remote Sensing मा आधारित नक्सा तथा सूचनाहरु पनि यसै अन्तर्गत पर्दछन।

## १९. सूचनाको प्रकाशन

- बन अनुसन्धान तथा प्रशिक्षण केन्द्र बाट सञ्चालित अनुसन्धान कार्यको नतिजाहरु विभागबाट निस्कने वनको जानकारीमा प्रकाशित गर्ने गरिएको, उक्त जर्नललाई केन्द्रको Website मा समेत राखिएको छ ।
- अन्य प्रचार समाग्रीहरुको leaflet, booklet, posters and Journal लगायतका प्रकाशित सामाग्री वितरण गरिएको ।



## २०. विभागमा परेको सूचनाको निवेदन र सोको कारबाही

| निवेदन दिने संस्था/व्यक्ति | मागेको सुचनाको विवरण | कारबाहीको विवरण |
|---|---|---|
| - | - | - |

**महानिर्देशक**
रा.प.प्र. वन/फ.रि.-१

- **वन प्रविधि विकास महाशाखा**
  उ.म.नि.,रा.प.प्र. वन/फ.रि.-१
  - **वन संवर्धन शाखा**
    (रोग तथा कीट विज्ञान प्रयोगशाला सहित)
    अ.अ.(रा.प.द्वि. वन/फ.रि.)-१
    स.अ.अ.(रा.प.तृ. वन/फ.रि.)-२
  - **शहरी तथा कृषि वन शाखा**
    अ.अ.(रा.प.द्वि., वन/फ.रि.)-१
    स.अ.अ.(रा.प.तृ. वन/फ.रि.)-१
  - **वन पैदावार सदुपयोग शाखा**
    (काष्ठ विज्ञान प्रयोगशाला सहित)
    अ.अ.(रा.प.द्वि., वन/फ.रि.)-१
    स.अ.अ.(रा.प.तृ. वन/फ.रि.)-१
    व.स.अ. (रा.प.तृ. वन/फ.रि.)-१
  - **वायोमेट्री शाखा**
    अ.अ.(रा.प.द्वि., वन/फ.रि.)-१
    स.अ.अ.(रा.प.तृ. वन/फ.रि.)-१
    वायोमेट्रिसियन(रा.प.तृ. वन/फ.रि.)-१

- **नीतिअनुसन्धान तथा योजना महाशाखा**
  उ.म.नि.,रा.प.प्र. वन/फ.रि.-१
  (रा.प.प्र. वन/फ.रि.)
  - **योजना तथा नीति कायक्रम प्रभाकारिता अध्ययनशाखा**
    ता.अ.(रा.प.द्वि., वन/ज.फ.)-१
    स.यो.अ.(रा.प.तृ. वन/फ.रि.)-१
  - **जैविक विविधता तथा जलाधार अ .शाखा**
    अ.अ.(रा.प.द्वि., वन/फ.रि.)-१
    स.अ.अ. (रा.प.तृ. वन/फ.रि.)-१
- **प्रशासन तथा सूचना प्रशासन शखा**
  उपसचिव, रा.प.द्धि.(प्र./सा.प्र.)-१
- **आर्थिक प्रशासन शाखा**
  लेखा अधिकृत (रा.प.तृ. प्र/लेखा)-१

- **वन सर्वेक्षण तथा कार्वनअनुगमन महाशाखा**
  उ.म.नि.,रा.प.प्र. वन/फ.रि-१
  (रा.प.प्र. वन/फ.रि.)
  - **वन सर्वेक्षण तथा कार्वन मापन शाखा**
    स.अ.(रा.प.द्वि., वन/फ.रि.)-१
    स.स.अ.(रा.प.त. वन/फ.रि.)-२
  - **दूर संवेदन तथा नक्सांकन शाखा**
    (दूर संवेदन तथा हवाईचित्रण प्रयोगशाला सहित)
    दू.सं.अ.(रा.प.द्वि., वन/फ.रि.)-१
    स.दू.सं.अ. (रा.प.तृ. वन/फ.रि.)-१
    सि.ड्रा./नापि अधिकृत (रा.प.तृ. इञ्जि/ सर्वे)-१
  - **माटो प्रयोगशाला**
    मा.र.अ.(रा.प. द्वि., इञ्जि/केमिष्ट्री)-१
    स.मा.र.अ.(रा.प. तृ., इञ्जि/केमिष्ट)-१
    ल्याब असि. (रा.प.अनं.

- **वनप्रशिक्षण तथा प्रसार महाशाखा**
  उ.म.नि., रा.प.प्र. वन/ज.फ-१
  - **वन प्रशिक्षण शाखा**
    ता.अ.(रा.प.द्वि., वन/ज.फ.)-१
    स.ता.अ.(रा.प.तृ. वन/ज.फ.)-१
  - **पाठ्यक्रम विकास शाखा**
    ता.अ.(रा.प.द्वि., वन/ज.फ.)-१
    स.ता.अ.(रा.प.तृ. वन/फ.रि.)-१
    स.ता.अ.(रा.प.तृ. वन/ज.फ.)-१
  - **केन्द्रीय वन पुस्तकालय**
    पु.अ. (रा.पतृ. शिक्षा/पु.वि.)-१
    पु.स. (रा.प.अनं . प्र. शिक्षा/पु.वि.)-१